भक्तपुर नपाको वडा नं. १० (साविक वडा नं. ४) का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाको जन्म २०२७ जेठ १३ गते पिता बिकुबहादुर र माता मैया ह्यौमिखाको कोखबाट थालाछेँमा माहिलो सन्तानको रूपमा भएको हो। वहाँका तीन दाजुभाइ र दुई बहिनी हुनुहुन्छ।

२०४४ सालमा नानीमैया दुवालसँग विवाह गर्नुभएका लक्ष्मीप्रसादका तीन छोरी र एक छोरा हुनुहुन्छ जो पढाइसँगै काम पनि गरिरहेका छन्।

नेपाल क्रान्तिकारी विद्यार्थी संघबाट राजनीतिक जीवन शुरु गर्नुभएका लक्ष्मीप्रसादले तत्कालीन भक्तपुर नगरपञ्चायतको चुनावमा नेपाल मजदुर किसान पार्टी समर्थित उम्मेदवारहरूको पक्षमा प्रचार प्रसारमा लाग्नुभयो। २०४५ सालमा पञ्चायती राज्यस्तरबाट रचिएको षडयन्त्र भक्तपुर काण्डमा वहाँ भूमिगत हुन वाध्य हुनुभयो। यसले वहाँलाई सक्रिय राजनीतितर्फ डोऱ्यायो। भूमिगत जीवनमा वहाँ पार्टीको निर्देशनलाई पालना गर्दै राजनीतिक गतिविधिमा सक्रिय हुनुभयो। त्यसक्रममा पञ्चायती निरंकुशता र राज्य आतंक विरुद्धका दौड जुलुस, सिठी जुलुस, मसाल जुलुसलगायतका कार्यक्रम र गतिविधिमा सहभागी हुनुभयो। वहाँ प्रहरी र सुराकीहरूको आँखा छलेर जेलमा रहेका राजबन्दीहरूलाई भेट्न पनि जानुहुन्थ्यो।

निरंकुश पञ्चायतविरुद्ध २०४६ साल फागुन ७ गते जनआन्दोलन शुरु भयो। फागुन ८ गतेको नेपाल बन्द सफल पार्न वहाँ पनि सक्रिय पूर्वक लाग्नुभयो। त्यसदिनको शान्तिपूर्ण जुलुसमाथि तौमढीमा विनासूचना प्रशासनले गोली प्रहार गरी प्रदर्शनकारीहरूको हत्या र घाइते पारेको थियो। यसबाट जनतामा पञ्चायतविरुद्धको जनआक्रोशमा घिउ थप्ने काम गऱ्यो। जनआन्दोलनलाई सफल बनाउन लक्ष्मीप्रसाद निरन्तर सक्रिय हुनुभयो। त्यसक्रममा दस कक्षासम्म औपचारिक शिक्षा प्राप्त गरेका वहाँको पढाइ छुट्यो। तर राजनीति, समाजसेवा र कृषि क्षत्रेमा संलग्न रही जनताको समस्या बुझ्ने र समाधानको लागि लागी पर्ने अनौपचारिक एवम् व्यवहारिक शिक्षा प्राप्त गर्दै आउनु भएको छ।

देश र जनताको निःस्वार्थ र इमानदारीपूर्वक सेवा गर्न चुनावलाई उपयोग गर्ने नेपाल मजदुर किसान पार्टीको नीति अनुरूप प्रतिनिधिसभा, स्थानीय र संविधान सभाका चुनावहरूमा वहाँ नेमिकिपाका उम्मेदवारहरूको पक्षमा प्रचारप्रसारमा सक्रिय पूर्वक लाग्नुभयो। विभिन्न समयमा भएका पार्टी महाधिवेसनहरूको प्रचार प्रसारमा पनि उत्तिकै सक्रियपूर्व लाग्नुभयो।

जनआन्दोलनबाट पञ्चायती व्यवस्था ढलेपछि जनताका प्रतिनिधिद्वारा निर्मित संविधान घोषणा गराउन २०४७ कार्तिक २० गते, राष्ट्रघाती महाकाली सन्धिको विरोधमा भएको २०५३ भाद्र २६ गते र प्रतिगमन विरुद्व २०६२ पौष २६ गते भएको भक्तपुरदेखि काठमाडौंसम्म भएको पैदल ऱ्यालीको प्रचार प्रसारमा लाग्नुका साथै वहाँ सहभागी हुनुभयो। प्रतिगमन विरोधी आन्दोलनको क्रममा वहाँ ललितपुर र भक्तपुरमा पक्राउ पर्नुभयो। २०६३ सालमा बनेपामा पक्राउ पर्दा भने अन्य आन्दोलनकारीसँगै वहाँ पनि ३ महिनाको थुनुवा पुर्जी सहित धुलिखेल जेल चलान हुनुभयो।

पार्टीका गतिविधिहरूमा लाग्दै वहाँ २०५५ देखि २०५८ सालसम्म नेपाल क्रान्तिकारी किसान संघ भक्तपुर नगर समितिको सदस्य हुनुभयो भने २०५४ सालदेखि नेमकिपा १० वडा इन्चार्जको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ।

गएको वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा नेमकिपाको तर्फबाट वहाँ वडा नं. १० को वडाध्यक्ष पदमा अत्यधिक मतले विजयी हुनुभएको छ। वहाँले २२२९ मत प्राप्त गर्नुभयो भने निकत्तम प्रतिद्वन्दीको मत ४४९ थियो।

वहाँ हंसवाहिनी प्रा.वि.को सञ्चालक समितिको सदस्य (२०६८-२०७१) र २०७२ देखि अध्यक्ष, थालाछेँ वचत तथा ऋण सहकारी संस्थाको २०६४ देखि उपाध्यक्ष र २०७० देखि अध्यक्षको जिम्मेवारी सम्हालिरहनु भएको छ।

स्थानीय विकास निर्माणको कार्यमा पनि वहाँको संलग्नता रहेको छ। यस क्रमममा महालक्ष्मी द्योछें पुनःनिर्माण उपभोक्ता समितिको अध्यक्ष, महालक्ष्मी नागपोखरी बाटोमा इँटा छपाइ उपभोक्ता समितिको अध्यक्ष, नागपोखरी पर्खाल पुनःनिर्माण उपभोक्ता समितिको अध्यक्ष, दथुत्वचा पाटी पुनःनिर्माण उपभोक्ता समितिको अध्यक्ष, दथुत्वचा टोलमा इँटा छपाइ उपभोक्ता समितिको सदस्य भई वहाँले आफ्नो जिम्मेवारी सफलतासाथ सम्पन्न गर्नुभएको छ।

राजनीतिक कार्यक्रममा सहभागी हुने सिलसिलामा वहाँले २०५६ र २०५९ सालमा पश्चिमाञ्चलको भ्रमण गर्नुभएको छ। त्यस्तै सहकारी अध्ययन भ्रमणको क्रममा २०७१ र २०७३ सालमा पूर्वाञ्चलका विभिन्न ठाउँहरूको भ्रमण गर्नुभएको छ।

२०७२ सालको महाभूकम्पमा घरभत्की पुरिएकाहरूको उद्धार गरी अस्पताल पुऱ्याउने, पछिका दिनमा भग्नावशेष पन्छाउने, पीडितहरूलाई सक्दो सहयोग पुऱ्याउने काममा लाग्नुभयो। त्यस भूकम्पमा परी वहाँका कान्छी बहिनी र सानो भान्जाको घर भत्किएर पुरिएकोमा अस्पतालमा मृत्यु भएको थियो। यस्तो अवस्थामा पनि वहाँ समाज सेवामा निरन्तर लाग्नुभएको थियो।